☎ ०९५- ५२०२४१
५२०१७१
५२०४७१

# दशरथचन्द नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खलंगा, मढी, बैतडी

७ न.प्रदेश नेपाल

पत्रसंख्याः- ०७४/७५
चलानी नम्बरः-

**सूचना ! सूचना !! सूचना !!!**
**प्रथम पटक प्रकासित २०७४/९/१८**

यस नगरपालिकाको मिति २०७४/९/१३ मा बसेको राजश्व परामर्श समितिको निर्णयअनुसार यस नगरपालिका अन्तरगत वडा नं. ८ को जुलाघाट,मौराबगर र दशरथचन्द नगरपालिका वडा नं. ६ को शेरामा बालुवा गिट्टी संकलन गर्न आ.व. २०७४/०७५ को बाँकी अवधीको लागि ठेक्कामा दिनु पर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरु**

१. ठेक्काको कबोल अंक रु. ९००००। (नब्बै हजार) कायम गरिएको छ ।

२. बोलपत्र खरिद गर्दा रु. ३००। (तीन सय) मात्र पछि फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

३. यो सुचना प्रकासित भएको मितिले १५ दिन भित्र द.न.पा. कार्यालयबाट कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिने छ, साथै बोलपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राखी पेश गर्नु पर्ने छ ।

४. कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा. बैकंमा रहेको हि.नं.ग-४-१- ४०५०३०४०१८१०३ खातामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

५. खरिद गरिएका बोपत्रहरु प्रस्ट संग भरि ठेकेदारले प्रत्येक पानामा सही छाप गरि खाम बाहिर व्यक्ती फर्म , कम्पनिको नाम ठेगाना कामको नाम प्रष्ट लेखि यो सुचना प्रकाशित भएको मितिले १६औं दिनको १२ :०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ ।

६. बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने छ ।

७. दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २ :०० बजे ठेकेदारका प्रतिनिधीहरुको रहोवरमा खोलिने छ, ठेकेदारका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आन्सिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको बोलपत्रमा कुनै थपधट वा द्रष्टब्य नलेखेको हुनु पर्नेछ, समय भित्र पेश नभएको, रित नपुगेको सूचनाका शर्त बिपरित भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. कबोल अंक र अक्षर अंकमा प्रस्ट संग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।

११. ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशत सम्म छुट दिन सकिनेछ ।

१२. न.पा. ले ठेकेदारलाई कर उठाउन तोकेको क्षेत्रबाट ठेकेदारलाई सम्झौतामा उल्लेख गरिए बमोजिमको कर तिरी कर तिरेको रसिद लिएर मात्र निकासी गर्न पाउने छ ।

१३.सम्झौता बमोजिमका कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । ठेकेदारको कमजोरीको कारणबाट कर उठाउन नसकेमा कार्यालयमा मिनाहा, क्षतिपुर्ति अथवा कुनै किसमको दाबी गर्न पाईने छैन ।

१४. ठेकेदारले सम्बन्धित आय संकलन गर्ने क्षेत्रको राम्रो संग हेरी बुझी मात्रै बोलपत्र दाखिला र सम्झौता गर्नु पर्ने छ । राम्रो संग नबुझी सम्झौता गरी सके पछि सम्झौता अनुसारको रकम कार्यालयलाई बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुने छैन ।

१५. स्थानीय स्तरमा उठने विवादहरुको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ ।

१६. कबोल अकंको १३ प्रतिशत भ्याट रकम सम्बन्धित ठेकेदारले सम्झौता गर्दानै बुझाउनु पर्ने छ ।

१७. करका दरहरु यस कार्यालयबाट दरभाउपत्र साथ प्राप्त हुने छ ।

१८. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत